# सानीभेरी गाउँपालिका गाउँसभाको १९औं गाउँसभा समारोहमा गाउँपालिका अध्यक्ष श्री बिर्ख बहादुर विष्टद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

गाउँसभा सदस्यज्यूहरु,

"समाजवाद उन्मुख समृद्धिको पहिलो आधार उत्पादन र पूर्वाधार सहितको शिक्षा स्वास्थ्य र रोजगार" को दिर्घकालिन लक्ष्य कार्यान्वयन गर्दै हामी पालिकावासी आम जनताको सेवा, स्थानीय आर्थिक विकास र जनताको विकासप्रतिको चाहाना परिपूर्ति गर्न दृढ संकल्पिक हुदै आज यो ऐतिहासिक १९औं नगरसभासम्म आइपुगेका छौं। यस अवसरमा नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका महानतम् आन्दोलनहरु, १० बर्षको गौरवपूर्ण सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवनको वलिदान गर्ने ज्ञात अज्ञात सम्पुर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै हालसम्मका विभिन्न लोकतान्त्रिक गणतान्त्रिक आन्दोलन एवम् संघर्षका योद्धा, घाईते, अपाङ्ग, वेपत्ता नागरिक तथा उहाँहरुका परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु।

यस पालिकाको क्षेत्रमा रहेर तथा पालिका स्थापना कालदेखि नै पालिकाको चौतर्फी विकासका विविध आयाममा सक्रिय भूमिका निर्वाह गर्नु भएका अग्रज व्यक्तित्वहरु, राजनैतीक दलहरु प्रति समेत उच्च आदर व्यक्त गर्दै, उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु।

यस वर्षको नीति तथा कार्यक्रम विभिन्न क्षेत्रका विज्ञ, सरोकारवाला निकाय, नागरिक समाज, राजनैतिक दल लगायत पालिकावासीहरुसँगको छलफल,

संवाद र परामर्श मार्फत प्राप्त सुझावहरुको एकिकरणका आधारमा तयार पारिएको हो। यस प्रक्रियामा सहभागि भई अमुल्य सुझाव दिनुहुने सम्पूर्ण पालिकावासी, संघ संस्था तथा सरोकारवाला महानुभावहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

**गाउँसभा सदस्यज्यूहरु,**

१.स्थानीय सरकार नागरिकहरुको घर आँगनमा सेवा पुर्याउने शासन संरचनाको मुल आधार हो। यही स्थानीय सरकारको हैसियतले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्तै गौरवको अनुभुति भएको छ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीले निर्माण गरेको तहगत सरकारमध्ये हामी स्थानीय सरकार जनतासँग प्रत्यक्ष रुपमा आवद्व रहेर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानुनी, वातावरणीय लगायत जनजीवनका सवालहरुको संरक्षण, प्रवर्द्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ अघि बढिरहेका छौं।

३. युवा पुस्ताको नेतृत्वमा भएको राजनीतिक परिवर्तन तथा त्यसको प्रभावले गर्दा नयाँ राजनीति वहस र नेतृत्वको उदय गराएको छ।यसले हामिले अंगालेको शासकीय प्रणालीको संस्थागत गर्न, सुद्रिढिकरणमा गर्न र शासकीय जवाफदेहीता प्रति आशंका पैदा गरेको छ।डिजिटल लोकतन्त्र र सामाजिक सन्जालमार्फत जनउत्तर दायित्वको माग बढिरहेको छ।

४. अन्तराष्ट्रिय परिस्थिती, श्रम बजार, प्रेटोलियम पदार्थको आपुर्ति, आन्तरिक राजनीतिक प्रभाव र आकासिदै गरेको मुल्य वृद्धिले हाम्रो आर्थिक विकासलाई प्रभाव पारिरहेको छ।भने हाम्रा परम्परागत उत्पादन र उपभोगका संरचनाहरुमा परिवर्तन भई सुधारात्मक आर्थिक गतिविधिहरु बढिरहेकाछन्।न्युन लगानी, न्युन रोजगारि, न्युन पुँजि र अधिक आयातको प्रवृतिमा सुधार गर्न जरुरी छ।

५.सामाजिक सहभागिता सामाजिक संवादका परम्परागत अभ्यासहरु हराउदै गएका छन्  भने डिजिटल समाज र सामाजिक सन्जालमार्फत सहभागिता जनाउने प्रवृति बढ्दै गएको छ। यसले सत्य, तथ्य र भ्रमवीचको फरकपना छुट्याउन कठिनाई थपेको छ।सामाजिक चेतनाको विकास बढेसङ्गै सामाजिक ठगिका विकसित रुपहरु देखिन थालेकाछन् यसबाट समाजलाई सहि गतिमा हिडाउन तपाई हामिलाई थप चुनौति थपिएको छ।

६. कार्यसम्पादनमा एकरुपताको कमि, सार्वजनिक सेवाप्रवाहमा रहेका ढिलासुस्ति, चालु खर्चमा वृद्धि र न्युन पुँजिगत खर्चको कार्यान्वयको अवस्था रहेकोछ। सेवा प्रवाह प्रणाली भईरहेको नवप्रर्वर्तन र डिजिटल सेवाको मागले सेवाको गुणस्तर र विश्सनीयतामा चुनौति थपेको छ। यसको सन्तुलन मिलाई सेवा प्रवाहालाई नागरिक मैत्री बनाउनु जरुरी छ।

**गाउँसभा सदस्यज्यूहरु,**

अब म गाँउपालिकाले विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर र चुनौतिहरु उल्लेख गर्न गईरहेको छु।

७. संविधानले दिएको अधिकार प्रयोग गर्दै पालिकालले सहभागितामूलक योजना तर्जुमा, पूर्वाधार विकास, सेवा प्रवाहको डिजिटलीकरण, कृषि– उद्यम प्रवर्द्धन, पर्यटन पूर्वाधार तथा सुशासनका अभ्यासहरू विस्तार गरेको छ। यसले स्थानीय आवश्यकतामा आधारित विकासलाई गति दिएको छ।

८. पालिकासँग संवैधानिक अधिकार, जनतासँगको निकटता, स्थानीय स्रोत–साधनको उपयोग, सामाजिक चेतनाको विकास, उद्यमशिलता विकास, स्थानीय कला संस्कृति, रैथाने अन्न वालि तथा वनस्पतिको संरक्षण, वन तथा खानी र नदिजन्य पैदावरको उपयोग, सूचना प्रविधिको विकास तथा अन्तरसरकारी सहकार्यका प्रशस्त अवसरहरू छन्। यी अवसरहरूको प्रभावकारी उपयोगले स्थानीय आर्थिक विकास र समृद्धि हासिल गर्न सहयोग पुग्नेछ।

९. सीमित आन्तरिक राजस्व, दक्ष जनशक्तिको अभाव, संस्थागत क्षमता कमजोरी, तहगत सरकारको हस्तक्षेप, सामाजिक चेतना र व्यवहार, अनुदानमुखी उद्यम व्यवसाय, जलवायु परिवर्तन विवद् व्यवस्थापन जस्ता चुनौतीहरूले विकासको गतिलाई प्रभावित गरिरहेका छन्। यी चुनौतीहरूको समाधान बिना दिगो विकास र समृद्धिको लक्ष्य प्राप्त गर्न कठिन छ।

**गाउँसभा सदस्यज्यूहरु,**

१०. अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलव्धीहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक विकास

कृषि तथा पशुपंक्षी विकास

उद्योग

पर्यटन

जलश्रोत तथा सिचाई

सामाजिक विकास

शिक्षा

हालसम्म भएका कार्यहरु

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका साधनहरुको उपलव्धता भएको
- शिक्षकको निरन्तर पेसागत विकासका कार्यक्रमहरु सञ्चालन भएको
- सबै विषयका शिक्षकहरुको लागि विषयगत शिक्षक तालिम सञ्चालन भएको
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताका लागि पेसागत विकास तालिम सञ्चालन भएको
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन भएको
- शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन भएको
- विद्यालय कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन भएको

- बहुसंख्यक विद्यालयमा पक्की भौतिक संरचना निर्माण भएको
- स्थानीय पाठ्यक्रम निर्माण भएको
- कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा सञ्चालन भएको
- सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला व्यवस्थापन गरिएको
- सबै प्रारम्भिक बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापन गरिएको

स्वास्थ्य

- सानीभेरी गाउँपालिका स्वास्थ्य शाखा बाट गरिएका २०७९देखि २०८२ असार सम्मका सम्पन्न क्रियाकलाप ।
  - स्वास्थ्य संस्थामा सेवा लिन आएका जम्मा सेवा ग्राहीको संख्या- ११४२५५ जना
  - शुरक्षित मातृत्व तर्फ संस्थागत सुत्केरी भएको संख्या- ७९१ जना
  - उत्तर प्रसुती घर भेटघाट गरेको संख्या -७५०जना
  - उत्तर प्रसुती घर भेटघाट कार्यक्रमको समिक्षा-तिन पटक ९३जना सहभागी
  - ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सेवा लिएका –४०३ जना
  - शुरक्षित मातृत्व कार्यक्रमलाइ प्रभावकारी बनाउन निम्न तालिमको व्यवस्था:
    - ✓ SBA तालिम- ६ जना
    - ✓ ROUSG तालिम- १ जना
    - ✓ सुरक्षित गर्भपतन तालिम-१ जना

- प्रजनन रुग्नता अन्तर्गत महिला संग उपाध्यक्ष कार्यक्रमको साझेदारीमा सेवा लिएका
    - ✓ VIA -१७७४ जना
    - ✓ आङ् खस्ने समस्या -३६०६ जना
    - ✓ अब्स्टेष्टिक फिस्टुला -६४१ जना
    - ✓ स्तन क्यान्सर स्क्रिनिङ्-४४२ जना
    - ✓ VIA तालिम लिएका -३ जना
- परिवार नियोजन सेवा लिएका नया सेवा ग्राही-१८५०जना
    - ✓ IUCD तालिम लिएका -२ जना
    - ✓ IMPLANT तालिम लिएका -५ जना
    - ✓ परामर्श सम्बन्धि तालिम लिएका -२ जना
- मानसिक स्वास्थ्य कार्यक्रममा सेवा लिएका:८६५ जना
- मनोसामाजिक परामर्श सेवा पाएका विद्यालयमा - १०
- पोषण कार्यक्रममा आधारित रहि शिघ्र कुपोषण उपचार सेवा पाएका ५२ जना
- निम्न दिवस हरु मनाइएको :
    - ✓ स्तनपान सप्ताह
    - ✓ आत्मा हत्या रोकथाम
    - ✓ अपाङ्गता
    - ✓ आयोडिन महिना
    - ✓ पोषण सप्ताह
    - ✓ विश्व क्षयरोग
    - ✓ महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका

- क्षयरोग खोजपड्ताल कार्यक्रममा सेवा पाएका :६६४
- समुदायमा आधारित नबजात शिशु तथा बाल रोग एकिकृत व्यवस्थापन कार्यक्रम हरेक संस्थाबाट प्रदान गरेको । अनसाइट कोचिङ् सञ्चालन गरेको ।
- निम्न शिविर हरु संचालन गरेको :
  - ✓ मानसिक स्वास्थ्य – १५७६ जना
  - ✓ प्रजनन रुग्नता- ३६०६ जना
  - ✓ परिवार नियोजन ९२ जना
  - ✓ जनरल स्वास्थ्य शिविर ४३६५ जना

- सानीभेरी गाउँपालिका स्वास्थ्य शाखा बाट २०८२/०८३ मा गरिएका र संचालनमा रहेका क्रियाकलाप ।

- स्वास्थ्य संस्थामा सेवा लिन आएका जम्मा सेवा ग्राहीको संख्या- २९४३१ जना
- शुरक्षित मातृत्व तर्फ संस्थागत सुत्केरी भएको संख्या- २११ जना
- उत्तर प्रसुती घर भेटघाट गरेको संख्या -२२४जना
- उत्तर प्रसुती घर भेटघाट कार्यक्रमको समिक्षा- ३१जना सहभागी
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सेवा लिएका –१३९ जना
- समुदायमा आधारिध मातृतथा पेरिनेटल मृत्युको निगरानी तथा प्रतिकार्य कार्यक्रम लागु भएको

- शुरक्षित मातृत्व कार्यक्रमलाइ प्रभावकारी बनाउन निम्न तालिमको व्यवस्था:
  - ✓ ROUSG कार्यक्रम सञ्चालन
  - ✓ सुरक्षित गर्भपतन तालिम-२ जना
- प्रजनन रुग्नता अन्तर्गत महिला संग उपाध्यक्ष कार्यक्रमको साझेदारीमा सेवा लिएका
  - ✓ VIA -३३२ जना
  - ✓ आङ् खस्ने समस्या -४४२ जना
  - ✓ अब्स्टेष्टिक फिस्टुला -३१७ जना
  - ✓ स्तन क्यान्सर स्क्रिनिङ्-३१७ जना
- परिवार नियोजन सेवा लिएका नया सेवा ग्राही-४६३जना
- मानसिक स्वास्थ्य कार्यक्रममा सेवा लिएका: जना
- मनोसामाजिक परामर्श सेवा पाएका विद्यालयमा - १०
- पोषण कार्यक्रममा आधारित रहि शिघ्र कुपोषण उपचार सेवा पाएका १२ जना
- बृहत पोषण लेखा जोखा कार्यक्रम सेवा पाएका संख्या -
- निम्न दिवस हरु मनाइएको :
  - ✓ स्तनपान सप्ताह
  - ✓ आत्मा हत्या रोकथाम
  - ✓ अपाङ्गता
  - ✓ आयोडिन महिना
  - ✓ पोषण सप्ताह
  - ✓ विश्व क्षयरोग

- ✓ महिला सामुदायिक  स्वास्थ्य स्वंयम सेविका
- ➢ क्षयरोग खोजपड्ताल कार्यक्रममा सेवा पाएका :२०४
- ➢ समुदायमा आधारित नबजात शिशु तथा बाल रोग एकिकृत व्यवस्थापन कार्यक्रम हरेक संस्थाबाट प्रदान गरेको ।
  अनसाइट कोचिङ् सञ्चालन गरेको ।
- ➢ निम्न शिविर हरु संचालन गरेको :
  - ✓ मानसिक स्वास्थ्य – ३६९ जना
  - ✓ प्रजनन रुग्नता- ४४२ जना
  - ✓ परिवार नियोजन २२ जना
  - ✓ जनरल स्वास्थ्य शिविर ८३४ जना

नागरिक आरोग्य सेवा केन्द्र

<u>२०८२/८३ मा सञ्चालन गरिएका कार्यक्रम:</u>

- आधारभूत आयुर्वेद सेवा तथा सामान्य आयुर्वेद उपचार तथा परामर्श सेवा प्रदान  - २२४ जना
- विद्यालय विद्यार्थीहरुलाई आयुर्वेद तथा योग शिक्षा कार्यक्रम - २८८ जना
- ६५ वर्षभन्दा माथिका जेष्ठ नागरीकहरूलाई स्वस्थ जीवनशैली स्वस्थ रहने उपायहरूका बारेमा जानकारी दिनुका साथै आवश्यकता अनुसार औषधि वितरण -११५ जना
- स्तनपाई आमाहरूलाई दुग्धवर्धक द्रव्यको बारेमा जानकारी दिनुका साथै स्वस्थ रहने उपायहरूको बारेमा जानकारी  -५९ जना

- घर भेट कार्यक्रम अन्तर्गत बिरामीको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा - १०९ जना

**खानेपानी तथा सरसफाइ**

**भाषा तथा संस्कृति**

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

यस सानीभेरी गाउँपालिका  महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखावाट विगत आ.ब. २०७९/०८० देखि २०८२/०८३ सम्म (४ वर्ष सम्म) सम्पादित कार्यहरुः

१) जोखिममा रहेका १५३ बालबालिकालाई स्थानीय बालअधिकार समितिको निर्णयवाट नगद एवं शैक्षिक सहायता प्रदान गरिएको साथै अन्य साझेदार संस्थासँगको समन्वयमा ४८७ जना बालबालिकाको संरक्षकको बैंक खाता मार्फत रकम सहायता प्रदान गरिएको छ।

२) आपतकालिन बाल उद्धारकोष माफत ५७ जना बालबालिकालाई उपचार सहायता प्रदान गरिएको छ।

३) अनाथ बालबालिका पहिचान गरि शुरु वर्षमा १६जना र हाल ७ जना बालबालिकाको संरक्षकको बैंक खाता मार्फत मासिक रु दुई हजारका दरले नियमित सहयोग गरिएको छ।

४) बालबालिकाको क्षेत्रमा क्रियासिल संरचनाहरु जस्तैः स्थानीय बाल अधिकार समिति,  वडा बालअधिकार समिति, पालिका तथा वडा स्तरीय बाल संजाल एवं बालक्लवहरु क्रियासिल गरिएको छ।

५)	बालविवाह न्यूनिकरणका लागि पालिकाको अगवाई एवं साझेदार संस्थाको परिचालनमा बिद्यालय तथा समुदाय स्तरमा बालविवाह विरुद्ध गतिविधि संचालन गरिएको छ जसका कारण विगत ४ वर्षमा १० प्रतिशत बालविवाहमा कमी आएको छ।(आ.ब.२०७९/०८० मा ४९.४९ रहेको बालविवाह हालै यस बर्ष लिएको तथ्यांक अनुसार घटेर यस वर्ष ३९.१४ झरेको छ)

६)	प्रहरीसँगको साझेदारीमा ७३ वटा बालविवाह अभिभावकलाई बुझाउने कार्य भएको छ।

७)	बालविवाह तथा लैंङ्गिक हिंसा एवं गलत अभ्यासका न्यूनिकरण सम्वन्धि सचेतनामुलक कार्यक्रम एवं रोकथामका कार्य विभिन्न विद्यालय तथा समुदायमा प्रहरीसँगको साझेदारीमा ४८ स्थानमा भएका छन।

८)	बालअधिकार संरक्षणका कार्यहरु बाल उद्धार, पुर्नस्थापना एवं व्यवस्थापन जस्ता ३४ जना उद्धार कार्य भएका छन।

९)	बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्ने कार्य भएको छ।

१०)	बालबालिका सम्वन्धि घटना व्यवस्थापन गर्न अनलाईन मार्फत बालसंरक्षण सुचना व्यवस्थापन प्रणाली लागू गरिएको छ।

११)	महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत १००७ जना महिलाले प्रजनन सम्वन्धि सेवा लिएका छन।

१२)	अपांगता परिचयपत्र १९७ जना प्राप्त गरेका छन।

१३) अपांगता रहेका १५ ब्यक्तिले अपांग सहायता सामाग्री प्राप्त गरेका छन।

१४) समाज रुपान्तरणसँग सम्वन्धित बिभिन्न दिवसहरु जस्तैः बालदिवस, लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान, नारी दिवस, अपांग दिवस, ज्येष्ठ नागरिक दिवसहरुमा १२००० जनाको हभागीता रहेको छ।

१५) ज्येष्ठ नागरिक परिचयपत्र वितरण १९ जनाले प्राप्त गरेका छन।

१६) ४० वर्ष माथिका अविवाहित महिलाको सामाजिक सुरक्षा भत्ता १८ जनालाई मासिक दुई हजारका दरले उपलव्ध भैरहेको छ।

१७) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यक्रम गरी कार्ययोजना निमा हुनुका साथै कार्यान्वय भएको छ।

१८) लैंङ्गिक हिंसा निवारण कोषको व्यवस्था भई १२ जनाले सेवा प्राप्त गरेका छन।

१९) हिंसा पिडित तथा प्रभावितको पहिचान गरी ४५जनालाई रिफर गरिएको छ।

२०) लैंगिक हिंसा न्यूनिकरण सम्वन्धि सचेतनामुलक कार्यक्रममा २२५० जना लाभान्वित भएका छन जसमा साझदार संस्थाको पनि सहकार्य रहेको छ।

२१) ज्येष्ठ नागरिक संघको बैठक एवं पुर्नगठन, तथा अभिमुखिकरण कार्यक्रम पालिका तथा ११ वटै वडाहरुमा सम्पन्न भएका छन।

२२) ज्येष्ठ नागरिक भम्रण कार्यक्रम भएको छ।

२३) लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य पालिकास्तरको संजाल बैंठक तथा अभिमुखिकरण ९ पटक २१५ जना उपस्थिति रहेको थियो।

२४) सहिद परिवार तथा घाइते घाइतेलाई सम्मान कार्यक्रम एवं मासिक उपलव्ध भएकोछ। ४७ जना ।

२५) सहकारी संस्थाका पदाधिकारीहरुलाई अन्तर जिल्ला, अन्तर प्रदेश अध्ययन भ्रमण।

२६) सहकारी संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास सम्वन्धि तालीम गरिएको थियो।

२७) पालिका स्तरका विभिन्न संघ संस्थाहरुसँगको समन्वय बैठक ४ पटक ।

युवा तथा खेलकुद

सामाजिक सुरक्षा तथा संरक्षण

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखाबाट २०७९ साल देखि हालसम्म सम्पादन गरेका प्रमुख कार्यहरू

नारा : "पूर्ण घटना दर्ता हाम्रो अभियान, सुरक्षित नागरिक हाम्रो पहिचान।"

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरूको बैंक खाता खोलाई EFT प्रणालीमार्फत भत्ता वितरण व्यवस्था लागू गरिएको छ ।

२. लाभग्राहीको सहज पहुँच सुनिश्चित गर्न बैंकसँगको समन्वयमा वडा स्तरबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम सञ्चालन गरिएको छ।
३. सामाजिक सुरक्षा भत्तामा दोहोरोपना न्यूनीकरण गर्न MIS प्रणालीमा रहेका दोहोरा विवरण हटाई अभिलेख दुरुस्त गरिएको छ तथा जैविक विवरण (बायोमेट्रिक) प्रणाली लागू गरिएको छ।
४. प्रत्येक त्रैमासिक अवधिमा नियमानुसार लाभग्राहीको खातामा सामाजिक सुरक्षा भत्ता जम्मा गरिएको छ।
५. सामाजिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित बनाउन राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गरिएको छ।
६. स्थानीय पञ्जिकाधिकारी तथा कार्यालय सहायकहरूलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली (VERSP-MIS) सम्बन्धी नियमित अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।
७. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय रेडियोमार्फत जिंगल, सूचना तथा सन्देशहरू नियमित रूपमा प्रसारण गरिएको छ।
८. व्यक्तिगत घटना दर्ताको पहुँच र दर्ता दर वृद्धि गर्न प्रत्येक वर्ष घटना दर्ता सप्ताह सञ्चालन गरिएको छ।
९. जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा सम्बन्ध विच्छेद लगायतका घटनाहरूको समयमै दर्ता गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

१०. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी सेवाहरूलाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राहीमुखी बनाइएको छ।

पूर्वाधार विकास

यातायात पूर्वाधार

भवन, आवास तथा सहरी विकास

उर्जा

संचार तथा सूचना प्रविधि

सम्पदा पूर्वाधार

सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

विपद् व्यवस्थापन

कानुन तथा न्याय

तथ्याङ्क प्रणाली

गरिबी निवारण

बहुक्षेत्रीय पोषण

२०७९/८०-२०८१/८२ मा सम्पन्न क्रियाकलापहरुः

- सुनौलो हजार दिनका आमाहरुलाई ११ वटै वडाका स्वास्थ्य आमा समुहमा पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम - २६९ जना
- वडा स्तरीय पोषण तथा खाध्य सहजीकरण समितीको बैठक – २०० जना
- पालिका स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समीतिको बैठक – ३७१ जना

- सुनौलो हजार दिनका विपन्न महिलाहरुलाई आयआर्जन अनुदान– १०२ जना
- आयआर्जन प्राप्त गर्ने लाभग्राहीको कार्ययोजना बमोजिम ब्यवसायमूलक उद्यमशीलता तालिम – ९५ जना
- सुनौलो हजार दिनका आमाहरुलाई वडा नं २ र ७ मा पोषण सुधारका लागी कुखुरा वितरण -१७१ जना
- किशोरीहरुलाई महीनावारी स्वच्छता तथा स्यानीटरी प्याड प्रयोग र विर्सजन सम्बन्धि अभिमुखीकरण – ३३ जना
- बाल अनुदानको प्रवाभकारी उपयोग गर्नका लागी बाल अनुदान बितरण गर्नुभन्दा अगाडी सबै बाल अनुदान प्राप्त गर्ने अभिभावकहरुसँग बाल अनुदान बालबालिकाहरुको पोषणकै लागी खर्चगर्न छलफल तथा अन्तरक्रिया कार्यक्रम - ८४२ जना
- बालविकास सहजकर्तालाई पोषण सम्बन्धि १ दिने अभिमुखिकरण –५१ जना
- खानेपानी तथा सरसफाई क्षेत्रबाट पानी शुद्धिकरण गरेर प्रयोग गर्ने बानीको विकासको लागि फिल्टर वितरण कार्यक्रम –१४० जना
- बालविवाह यसले पोषण अवस्थामा पारेको बारे वक्तित्वकला कार्यक्रम - १६२ जना

२०८२/८३मा सम्पन्न भएका र सञ्चालनमा रहेका कार्यक्रमहरु

| सि. न. | कार्यक्रमको नाम | लाभाम्वित जनसंख्या |
|---|---|---|
| १ | बालविवाह लैंगिक हिंसा तथा सामाजिक गलत अभ्यास अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी "जुना" भिडियो डकुमेन्ट्रि प्रदर्शन तथा अन्तरकृया कार्यक्रम | २२७५ |
| २ | वृद्धि अनुगमन र बालभिटाको महत्त्वबारे सुनौलो हजार दिनका आमाहरूलाई अभिमुखीकरण | ३२४ |
| ३ | सासु बुहारी बीच अन्तकृयात्मक कार्यक्रम | ५६ |
| ४ | पालिका स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समीतिको बैठक | ५९ |
| ५ | वडा स्तरीय पोषण तथा खाध्य सहजीकरण समितीको बैठक | ३६७ |
| ६ | पालिकामा स्तनपान कक्षको व्यवस्थापन | भएको |
| ७ | बाल अनुदानको प्रवाभकारी उपयोग गर्नका लागी बाल अनुदान बितरण गर्नुभन्दा अगाडी सबै बाल अनुदान प्राप्त गर्ने अभिभावकहरुसँग बाल अनुदान बालबालिकाहरुको पोषणकैलागी खर्चगर्न छलफल तथा अन्तरक्रिया कार्यक्रम | सञ्चालनमा |
| ८ | बिद्यालय दिवा खाजामा स्थानीय खाध्यान्न प्रयोगका लागी बिद्यालयमा दिवा खाजा कार्यक्रमका फोकल शिक्षकहरु विध्यालय सहयोगी लाई अभिमुखिकरण । | सञ्चालनमा |
| ९ | बिपन्न महिला समुहका सुनौला १००० दिनका | सञ्चालनमा |

| | | |
|---|---|---|
| | महिलाहरुलाई आयआर्जनका लागी अनुदान बितरण | |
| १० | आयआर्जन प्राप्त गर्ने लाभग्राहीको कार्ययोजना बमोजिम ब्यवसायमूलक उद्यमशीलता तालिम | सञ्चालनमा |
| ११ | बालविवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी भिडियो डकुमेन्ट्रि प्रदर्शनी | सञ्चालनमा |
| १२ | लैङ्गिक हिंसा तथा सामाजिक गलत अभ्यास न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | सञ्चालनमा |
| १३ | सासु बुहारी तथा श्रीमान श्रीमतीबीच अन्तरक्रिया कार्यक्रम | सञ्चालनमा |
| १४ | सबै सुनौला १००० दिनकाआमाहरुको घरमा पोषण बगैंचा (Kitchen Garden) निर्माण गर्न र आमा तथा परिवारका सदस्यहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम | सञ्चालनमा |
| १५ | १००० दिनकाआमाहरुलाई अण्डा उत्पादन गर्ने कूखुरा पालन गर्न प्रोत्साहन कार्यक्रम तथा तालिम संचालन गर्ने । | सञ्चालनमा |

**गाउँसभा सदस्यज्यूहरु,**

११. अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

सर्वप्रथम म यो नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु उल्लेख गर्न चाहन्छु ।

**आर्थिक विकास**

## पशुपंक्षी विकास

१. सानीभेरी गाउँपालिकाको बिकट क्षेत्रमा पशुपंक्षीको स्वास्थ्य सेवाको पहुँच अभाव रहेको सन्दर्भमा, त्यस्ता ठाउँहरुमा निःशुल्क पशुपंक्षी स्वास्थ्य शिविर सञ्चालन गरी पशुपालन व्यवसायलाई सशक्त र सुदृढ बनाइने छ ।

२. सानीभेरी गाउँपालिकाभित्र पशुपंक्षीपालन व्यवसाय तीव्र गतिमा बढ्दो क्रममा रहेको छ। रोगको समयमा यथोचित निदान तथा रोकथामका लागि प्रयोगशाला सुविधा अनिवार्य छ। तर अधिकांश ग्रामीण क्षेत्रमा पशुपंक्षीसम्बन्धी प्रयोगशालाको पहुँच अत्यन्तै न्यून छ। यस सन्दर्भमा, स्थानीय स्तरमा आधारभूत पशुपंक्षी प्रयोगशाला निर्माण तथा व्यवस्थापन गरिनेछ।

३. पशुपंक्षी स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले गुणस्तरीय, सुरक्षित तथा समयमै उपलब्ध हुने औषधीहरूको सुनिश्चितता अनिवार्य छ। हाल ग्रामीण तथा दुर्गम क्षेत्रमा पशुपंक्षी औषधीको अभाव, अमानक औषधीको प्रयोग तथा व्यवस्थापनको कमजोर प्रणाली देखिएको छ। यसलाई प्रभावकारी रुपले अघि बढाउनको लागि गाउँपालिकामा पशुपंक्षीको औषधिको अभावलाई पूर्ति गर्दै लगिनेछ ।

४. रेबीज एक घातक भाइरल रोग हो, जुन प्रायः संक्रमित कुकुरको टोकाइबाट अन्य पशु तथा मानिसमा सर्ने गर्दछ। नेपाल लगायत संसारमा हरेक वर्ष कैयुँ मानिसको मृत्यु हुने प्रमुख जनस्वास्थ्य

समस्यामध्ये रेबीज पनि एक हो। सडकमा छाडा कुकुरहरूको संख्या वृद्धि हुनु, खोपको अभाव, र बन्ध्याकरणको न्यूनता यस समस्याको प्रमुख कारण हुन्। त्यसैले यस रोग नियन्त्रणका लागि कुकुर बन्ध्याकरण तथा निःशुल्क रेबीज खोपलाई अभियानका रुपमा संचालन गरिनेछ ।

५. नेपालमा बेला बेलामा पशुपंक्षीका विभिन्न रोगहरुले सताइराखेको अवस्थामा केहि वर्ष अघि मात्रै एल.एस.डी. ले कैयुँ गाईभैंसीको मृत्युको कारण बनेको अवस्था थियो । यस्ता रोगहरुको नियन्त्रण गर्नका लागि खोप कार्यक्रमहरु संचालन गरिनेछ ।

६. सानीभेरी गाउँपालिकामा बाख्रापालन व्यवसाय फस्टाउदै गैराखेको छ।बाख्राको नश्ल सुधार गरि कृषकलाई यस व्यवसायबाट कम समयमा नै धेरै उत्पादन र उत्पादकत्व बढाउनको लागि नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ।

७. सानीभेरी गाउँपालिका भित्र रहनुहुने कृषकहरुमा प्राविधिक ज्ञानको कमी महसुस भएको छ,जसले गर्दा पशुपंक्षी मा गरेको लगानी ले त्यस्तो आशलाग्दो फाइदा दिन सकेको छैन । यसलाई सुधार्नको लागि र कृषकमा प्राविधिक ज्ञानको महसुस गराउनको लागि कृषक तालिम दिई व्यवसायिक कृषकको संख्यामा वृद्धि गरिनेछ ।

८. पशुपंक्षीको स्वास्थ्य तथा पोषण सुरक्षा गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक देखिन्छ । यसका लागि आवश्यक पर्ने घाँसका बीउ/बेर्ना  तथा प्रोबायोटिक यस सानेभेरी गाउँपालिका भित्र रहनुहुने

व्यवसायिक कृषकको लागि पहिले देखि नै उपलब्ध गराइदै आएको अवस्थामा अब पनि यसलाई प्राभावकारी रुपमा अघि बढाइनेछ ।

९. सानीभेरी गाउँपालिका भित्रका कृषकहरुलाई उत्साह प्रदान गर्नका लागि साथसाथै व्यवसायिक कृषकको संख्यामा वृद्धि गर्नका लागी उत्पादनमा आधारित अनुदान यस पालिकाले दिँदै आइराखेको छ । यसलाई निरन्तरता दिँदै, यस पालिकालाई पशुपालन क्षेत्रमा आत्मनिर्भर मात्र नभई यस पालिकामा उत्पादन भएका पशुपंक्षी तथा पशुपंक्षी बाट उत्पादित वस्तुहरुलाई नेपालका अन्य सहरी क्षेत्रसम्म बजारीकरण गरि कृषक लगायत पालिकालाई नै समृद्ध तर्फ अघि बढाइनेछ।

१०. सानीभेरी गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा हाम्रो स्थानीय जातका कुखुराहरु प्रशस्त मात्रामा देखिन्छ । यसलाई व्यवसायिक रुपमा विकास गर्ने र उत्पादित पंक्षीको बजारको व्यवस्था गर्न स्थानीय कुखुरा प्रवर्धन कार्यक्रम आवश्यक देखिन्छ । यसको सम्भावना अध्ययन गरि पालिकाका कुनै क्षेत्रहरुलाई स्थानीय जातका कुखुराको पकेट क्षेत्र विस्तार गरी अघि बढिनेछ।

११. व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्नका लागि असल कृषक पुरस्कारको व्यवस्था गर्दै लगिनेछ।

१२. समयमै गर्भ परिक्षण गर्न नसकेको अवस्थामा कैयौं कृषकहरुका बाख्रा तथा भैंसी मासुको लागि ढुक्क तरिकाले पठाउन नसकेको अवस्था रहेको

हुनाले यस्तो समस्या हुन नदिनको लागि समयमै गर्भ परिक्षण गर्ने साधनको व्यवस्था गरिनेछ।

१३. पशुपन्छी बीमा सम्बन्धि धेरै कृषकहरु आकर्षित नभएको हुनाले पशुपन्छी मर्दा हुने क्षती न्यूनीकरण गर्नका लागि पशुपन्छी बीमा सम्बन्धि पैरविकरण कार्यक्रमहरु संचालन गरिनेछ।

पशुपन्छीबाट उत्पादित वस्तुहरुको बजारीकरणमा आवश्यक पर्ने संसाधनको व्यवस्था तथा पहल गरिनेछ।

कृषि विकास

१. सानीभेरी गाउँपालिकाको कृषि क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी, आधुनिक तथा जलवायु उत्थानशील बनाउँदै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता, कृषकको आयस्तर वृद्धि तथा स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले कृषि क्षेत्रलाई गाउँपालिकाको प्रमुख आर्थिक आधारका रूपमा विकास गरिनेछ।

२. खाद्यान्न बालीतर्फ धान, मकै, गहुँ, कोदो तथा दलहन बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत तथा प्रमाणित बीउको प्रयोग, माटो परीक्षण, सन्तुलित मल व्यवस्थापन, रोग तथा कीरा व्यवस्थापन, सिंचाइ सुविधा विस्तार तथा कृषि प्रसार सेवालाई प्रभावकारी बनाइनेछ।

३. स्थानीय खाद्य सुरक्षालाई सुदृढ बनाउन बाँझो तथा उपयोगविहीन कृषि भूमिको सदुपयोग गरी नाफा तथा RHVAP परियोजनाको सहकार्यमा फलफूल तथा मसला बाली क्षेत्रविस्तार कार्यक्रम संचालन गरिनेछ।

४. रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी कोदो, फापर, कागुनो, स्थानीय मकै, सिमी, भटमास लगायतका स्थानीय जात तथा कृषि जैविक विविधताको संरक्षण, गुणस्तरीय बीउ उत्पादन, सामुदायिक बीउ बैंक स्थापना, मूल्य अभिवृद्धि तथा बजारीकरणमा जोड दिइनेछ। साथै पोषण सुरक्षा, जलवायु अनुकूल कृषि प्रणाली तथा स्थानीय खाद्य संस्कृतिको प्रवर्द्धनमार्फत रैथाने बालीलाई विद्यालयको दिवा खाजासँग जोडिनेछ ।

५. गाउँपालिकाको हावापानी तथा भौगोलिक अवस्थाअनुसार उच्च मूल्यका फलफूल बालीका रूपमा सुन्तला, किवी तथा ओखर खेतीलाई विशेष प्राथमिकता दिई क्लस्टर तथा पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ। नयाँ बगैंचा स्थापना, पुराना बगैंचाको पुनर्स्थापना, बगैंचा व्यवस्थापन, रोग तथा कीरा नियन्त्रण तथा बजारीकरणका कार्यक्रममार्फत फलफूल उत्पादनलाई व्यावसायिक र निर्यातमुखी बनाइनेछ।

६. ताजा तरकारी उत्पादन तथा तरकारी बीउ उत्पादनलाई गाउँपालिकाको आयमूलक कृषि उपक्षेत्रका रूपमा विकास गरिनेछ। वर्षैभरि ताजा तरकारी उत्पादनका लागि प्लास्टिक टनेल, ड्रिप तथा स्प्रिंकलर सिंचाइ, मल्चिङ प्रविधि तथा उन्नत उत्पादन प्रणालीको विस्तार गरिनेछ। तरकारी बीउ उत्पादनका लागि उपयुक्त क्षेत्र पहिचान गरी बीउ उत्पादक कृषक, ७. समूह तथा सहकारीलाई प्राविधिक सेवा, गुणस्तर परीक्षण, बीउ प्रमाणीकरण तथा बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ।

८. कृषिमा बढ्दो श्रम अभाव तथा उत्पादन लागत न्यूनीकरण गर्न कृषि यान्त्रीकरणलाई प्राथमिकताका साथ अघि बढाइनेछ। कृषि कार्यमा प्रयोग हुने मिनी टिलर, पावर टिलर, रिपर, थ्रेसर, स्प्रेयर, च्याफकटर, तथा कुटनीपिसनी उपकरणमा साझेदारी अनुदान उपलब्ध गराइनेछ।

९. कृषकको ज्ञान, सीप तथा क्षमता अभिवृद्धिलाई कृषि विकासको आधारका रूपमा लिँदै कृषक पाठशाला, अवलोकन भ्रमण, सीपमूलक तालिम, घुम्ती शिविर तथा प्राविधिक परामर्श सेवाहरू सञ्चालन गरिनेछन्।

१०. कृषि क्षेत्रमा संलग्न युवा, महिला तथा व्यावसायिक कृषकलाई विशेष प्राथमिकता दिँदै उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन्।

११. कृषि उत्पादनको दिगोपना तथा बजार प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न सिँचाइ पूर्वाधार, संकलन केन्द्र, भण्डारण गृह निर्माण तथा विस्तार गरिनेछ। कृषि उत्पादनको मूल्य अभिवृद्धि, प्रशोधन तथा बजारीकरणमा निजी क्षेत्र, सहकारी तथा कृषक समूहसँग सहकार्य गरिनेछ।

१२. उत्पादनमा आधारित कार्यक्रमलाई निरन्तरता दिँदै, गाउँपालिकाको कृषि सम्भावना तथा भौगोलिक अनुकूलताका आधारमा च्याउ खेती, बगर खेती, अकबरे खुर्सानी लगायतका नयाँ तथा उच्च मूल्यका बालीहरूको सम्भाव्यता अध्ययन तथा पाइलट कार्यक्रम सञ्चालन गरिनेछ। पाइलट कार्यक्रमबाट प्राप्त नतिजाका आधारमा सफल र सम्भावनायुक्त बालीहरूलाई आगामी वर्षहरूमा व्यावसायिक उत्पादन, मूल्य शृंखला विकास तथा बजारीकरणसँग आबद्ध गर्दै विस्तार गरिनेछ।

उद्योग

पर्यटन

जलश्रोत तथा सिचाई

सामाजिक विकास

शिक्षा

आ.व २०८३।०८४ का शिक्षा क्षेत्रका नीतिहरु

१. विद्यालय निरीक्षण, अनुगमन तथा शिक्षकको निरन्तर पेसागत विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ।

२. सबै विषयका शिक्षकका लागि पुनर्ताजगी शिक्षक तालिम सञ्चालन गरिनेछ।

३. शिक्षकको कक्षा अवलोकन, पृष्ठिपोषण प्रदान, नमूना कक्षा प्रदर्शन, सहपाठी कक्षा अवलोकनका

कार्यक्रमहरुलाई सबै विद्यालयहरु निरन्त रुपमा सञ्चाल गरिनेछ।

४. सवै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शिक्षण गर्ने प्रवन्ध गरिनेछ।

५. सबै आधारभूत (कक्षा ६-८) सञ्चालित विद्यालयहरुमा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालन गरिनेछ।

६. सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र सबै आधारभूत विद्यालयहरुमा बुक कर्नरको स्थापना गरिनेछ।

७. सबै प्रारम्भिक बाल विकास केन्द्रहरुलाई बालमैत्री बनाइनेछ।

९. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, सूचना प्रविधिमैत्री तथा भुकम्प

प्रतिरोधी वनाइनेछ।

१०. चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. विद्यालयहरुमा Online Based Monitoring System कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१३. विद्यार्थीको नतिजा तथा सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादनसँग आवद्ध गरी सोका

आधारमा वृत्ति विकास तथा दण्ड र पुरूषकारको व्यवस्था गरिनेछ।

१४. गाउँपालिका भित्र आवासीय माध्यमिक विद्यालय सञ्चालन गरिनेछ।

१५. कक्षा ८ को स्तरीकृत परीक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ।

१६. विद्यालयको सिकाइ उपलब्धीको परीक्षण गरिनेछ।

१७. विद्यालय र शिक्षकको स्वमूल्याङ्कनको प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

१८. प्रधानाध्यापकसँगको कार्यसम्पादन सम्झौतालाई प्रधानाध्यापक मूल्याङ्कनको मुख्य आधार बनाइनेछ।

१९. गाउँपालिकास्तरमा विषयगत शिक्षक समिति निर्माण गरी त्यसको क्षमता अभिवृद्धि गर्नुका साथै समितिलाइ शिक्षकको पेशागत विकासमा उपयोग गरिनेछ।

२०. विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान गरिनेछ।

२१. स्रोत शिक्षकलाई शिक्षकको पेसागत विकासमा उपयोग गरिनेछ।

रोजगार सेवा केन्द्र

सानीभेरी गाउँपालिकाले रोजगार रणनीति निर्माण गरी विभिन्न क्षेत्रमा उत्पादनमुलक रोजगारी सिर्जना गर्नुका साथै आन्तरीक रोजगारीमा तथा वैदेशीक रोजगारीमा रहेकालाई निरन्तर सेवामा जोड्ने प्रयास गरीरहेको छ।

सानीभेरी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ व २०७९/८० देखि यता चार वर्षमा ६६ वटा २ करोड ९१ लाख ५२ हजार लागतका सामुदायिक आयोजनाहरु संचालन गरि त्यस मार्फत प्रत्येक

वर्ष सरदर ८५ जनालाई "Cash for work" को अवधारणामा सामुदायीक विकासलाई रोजगारीमा जोडेर न्यूनतम रोजगारी उपलब्ध गराइएको छ ।

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०७९/८० देखि यता चार वर्षमा ४४ वटा ६ करोड ६० लाखको सामुदायिक आयोजनाहरु संचालन गरी प्रत्येक वर्ष सरदर १६५ जनालाई "Cash for work" को अवधारणामा सामुदायीक विकासलाई रोजगारीमा जोडेर छोटो अवधिको उपलब्ध गराइनुका साथै छ ।

वैदेशीक रोजगारीमा गई मृत्यू भएकाको शव विदेश देखि घर सम्म झिकाउन र क्षतिपुर्तीको साथै वैदेशीक रोजगारीमा गइ मृत्यू भएका सन्ततीको छात्रवृत्तीको लागि स्थानीय तहबाटै सहजिकरण सहजिकरण । यसका साथै वैदेशीक रोजगारीमा जानेलाई स्थानीय तहबाटै श्रम स्विकृतिको लागि सहजिकरण र परामर्श उवलब्द्ध गरिएकोछ ।

<u>विगत ४ वर्षमा विपद सम्बन्धी भएका कामहरु:</u>

विभिन्न प्राकृतिक तथा गैह्रप्राकृतिक प्रकोपमा परि मानविय तथा धनजनको क्षती भएका परिवारहरुलाई खाद्य तथा गैह्रखाद्य र नगद राहत उपलब्ध गराउदै आएकोछ ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सानीभेरी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), स्थानीय विपत तथा जलवायू उत्थानशील योजना (LDCRP), स्थानीय विपत तथा जलवायू उत्थानशील कार्य ढाँचा (LDCRF), भवन निर्माण मापदण्ड र नक्सा पास तथा भवन

निर्माण सम्बन्धी कार्यविधी, विपद जोखिम व्यवस्थापन कोष (संचालन) कार्यविधि, आपतकालिन कार्य संचालन कार्यविधी, आपतकालिन बाल उद्धार कोष संचालन कार्यविधी, सानीभेरी गाउँपालिकाको आवधिक योजना लागयतका नीतिगत व्यवस्थापन गरिएको छ ।

विपद जोखिम न्यूनीकरणको पुर्वतयारी सम्बन्धी सानीभेरी गाउँपालिकाको विपद व्यवस्थापन कोष स्थापना, आपतकालिन कार्य संचालन केन्द्र(LEOC) निर्माण, वडा विपद व्यवस्थापन समिति र स्वयंसेवक समुह गठन तथा सक्रिय बनाइ संस्स्थागत व्यवस्थापन तथा सुशासनलाई बलियो बनाइएको छ ।

जाजरकोट भूकम्प लगतै आफैं तथा विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुसंग समन्वय गरी राहत तथा खोज उद्दारको कार्यलाई सक्दो तवरमा व्यवस्थापन गरि आपतकालिन अवस्थामा एकद्वार प्रणाली मार्फत खोज उद्दार कार्य गरिएको ।भुकम्पले क्षति भएका झण्डै ६ हजार घर परिवारलाई अस्थायी आवास निर्माण गराइ तत्कालिन आवास उपलब्ध गराइएको थियो।पुन निर्माणको लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निरन्तर पहल र विद्यालय, स्वास्थ्य संस्था जस्ता तत्काल निर्माण गरिनुपर्ने संस्थाहरुको सेवा स्थलहरु पुननिर्माण गर्न नेपाल रेडक्रस सोसाइटि, यूनीसेफ, हेल्वाटास, यूएनडिपी लगायतका विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी पुननिर्माणलाई अगाडी बडाइएको छ । निजि आवास र सार्वजनीक संस्थाहरु पुननिर्माण र विभिन्न पुनर्लाभ सम्बन्धी जीविकोपार्जन तथा क्षमता विकासका कार्यक्रमहरु संचालनको लागि

सानीभेरी गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरुमा निरन्तर पहल तथा समन्वय गरि रहेको छ ।

स्वास्थ्य

"स्वस्थ नागरिक हाम्रो पहिचान, समृद्ध पालिका हाम्रो अभियान।"

- आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।
- स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, खोप तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति व्यवस्थापन गरिनेछ।
- सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।
- पूर्ण खोप सुनिश्चित गरी खोपबाट रोकथाम गर्न सकिने रोगहरूको नियन्त्रण गरिनेछ।
- कुपोषण न्यूनीकरणका लागि पोषणमैत्री स्वास्थ्य संस्था तथा समुदायस्तरीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- क्षयरोग, एचआईभी, कुष्ठरोग लगायतका सरुवा रोगहरूको खोजपड्ताल, रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।
- उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत गैरसरुवा रोगहरूको नियमित स्क्रिनिङ तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको विस्तार गरिनेछ।
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गरिनेछ।

- स्वास्थ्य संस्थाहरूलाई डिजिटल स्वास्थ्य सूचना प्रणालीमा आबद्ध गरी तथ्यांकको गुणस्तर सुधार गरिनेछ।
- स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- दुर्गम बस्तीहरूमा एकीकृत घुम्ती स्वास्थ्य शिविर तथा विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता बढाउन विशेष अभियान सञ्चालन गरिनेछ।
- महामारी तथा विपद् व्यवस्थापनका लागि स्वास्थ्य आपतकालीन तयारी तथा प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ।
- खानेपानी, सरसफाइ तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृ तथा शिशु मृत्यु समीक्षा (MPDSR) तथा रोग निगरानी प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई सुदृढ गर्दै स्वास्थ्य शिक्षा प्रवर्द्धन गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका लागि विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- "स्वस्थ नागरिक हाम्रो पहिचान, समृद्ध पालिका हाम्रो अभियान" अभियान सञ्चालन गरी स्वास्थ्यका सूचकहरूमा सुधार ल्याइनेछ।

खानेपानी तथा सरसफाइ

भाषा तथा संस्कृति

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

<u>बालबालिका तर्फ</u>

१) बालबालिकासँग सम्वन्धि संरचनाहरु (स्थानीय बालअधिकार समिति,बाल संरक्षण समिति, बालसंजाल, बालक्लव) लाई क्रियासिल गरि बाल संरक्षणको कार्यक्रम विशेष जोड दिइनेछ।

२) आगामी बर्ष २०८३/०८४ मा वडा नं ९ लाई बालमैत्री वडा घोषणा गर्ने गरी आवश्यक प्रक्रिया थालिनेछ भने बालमैत्री पालिका घोषणा गर्नमा जोड दिइनेछ ।

३) सामाजिक कुरितीको रुपमा रहेको बालविवाहको अन्त्यका लागि विद्यालय तथा समुदाय स्तरमा ठोस कार्यक्रम तय गरी बालविवाह अन्त्यको प्रयास गरिनेछ ।

४) अनाथ बालबालिकालाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा कार्यक्रमको निरन्तरता गरिनेछ।

५) विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय निरन्तरतामा जोड दिन शैक्षिक सहायता कार्यक्रम उपलव्धताको व्यवस्था गरिनेछ ।

६) परिवार, समाज तथा विद्यालयमा बालबालिका माथि हुने विभिन्न खाले शारीरिक एवं भावनात्मक दुर्व्यवहारलाई न्यूनिकरणमा जोड दिइएकोछ ।

७) बाल पोषणमा सुधार गर्न सचेतना कार्यक्रमलाई जोड दिइनेछ।

<u>महिला तर्फ</u>

१)  महिला सशक्तिकरणमा जोड गर्न महिलाका लागि सीप मुलक एवं आयआर्जन सम्वन्धि तालिम तथा सचेनामुलक कार्यक्रममा जोड दिइनेछ।

२)  एक वडा एक महिला विकास समिति तथा टोल विकास समिति गठन गरि सामाजिक कुरितिको रुपमा रहेका लैंगिक हिंसा, बालविवाह, घरेलुहिंसा एवं लैंगिक विभेद जस्ता कुशंस्कारको अन्त्यमा जोड दिइएनेछ ।

३)  महिलालाई आत्मनिर्भर गराउन आयआर्जन कार्यक्रममा जोड दिइएनेछ।

४)  महिला सशक्तिकरणका लागि किशोरी तथा छोरीहरुको क्षमता विकासमा जोड दिइनेछ।

<u>अपांगता तर्फ</u>

१)  अपांगता भएको व्यक्तिलाई क्षमता अनुसार गर्न सकिने सीप विकास तालिम प्रदान गरिनेछ ।

२)  अपांगता भएका व्यक्तिलाई सशक्तिकरण तालिम गर्न सचेनामुलक तालीम कार्यक्रम गरिनेछ।

३)  अपांगमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।

<u>ज्येष्ठ नागरिक तर्फ</u>

१) ज्येष्ठ नागरिकको सम्मान हुने गरी सामाजिक बातावरणमा निर्माण गर्न सचेतनामुलक कार्यक्रममा जोड गरिनेछ ।

२) ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरि संचालन गरिनेछ ।

३) संरक्षणविहिन ज्येष्ठ नागरिकलाई संरक्षणको उचित व्यवस्था गरिनेछ।

<u>सहकारी तर्फ</u>

१) पालिकाभित्र रहेका सहकारीहरुलाई थप व्यवस्थित गर्न आम नागरिकलाई सहकारी शिक्षा एवं सहकारीका कर्मचारीलाई क्षमता विकास तालीमको व्यवस्था गरिनेछ ।

२) सहकारीप्रति नागरिकको थप विश्वास बढ्ने गरी विषय मिल्ने सहकारीको मर्ज गरिनेछ ।

<u>लघु उद्यम विकास तर्फ</u>

१) लघु उद्यमीलाई व्यवसायी सीप सम्वन्धी तालीम दिइ थप उत्पादन बृद्धिमा जोड दिइनेछ ।

२) स्थानीय स्तरमा संम्भावित लघु उद्यमको अध्ययन गरी नयाँ उद्यमी सृजनामा जोड दिइनेछ ।

३) स्थानीय स्तरमा उपलव्ध स्रोत साधान सीपकला पहिचान गरी उनीहरुको उत्पादन सामाग्रीको बजारीकरणमा जोड दिइएनेछ ।

४) सिपमुलक, रोजगारमुलक र आयआर्जनमुलक तालीमलाई बिशेष जोड दिइनेछ।

युवा तथा खेलकुद

सामाजिक सुरक्षा तथा संरक्षण

१. व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत बनाउने उद्देश्यले घरदैलो तथा समुदायस्तरीय सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

२. प्रत्येक वर्ष वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी रेडियो, सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यममार्फत नियमित सूचना प्रसारण गरिने छ ।

४. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप व्यवस्थित, प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाइने छ।

५. राष्ट्रिय परिचयपत्रसँग सामाजिक सुरक्षा लाभग्राहीको विवरण पूर्ण रूपमा आबद्ध गरिने छ।

६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीमा रहेका विवरणहरूको नियमित अद्यावधिक, प्रमाणीकरण तथा तथ्याङ्क व्यवस्थापन गरिने छ।

७. स्थानीय पञ्जिकाधिकारी, वडा सचिव तथा सम्बन्धित कर्मचारीहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

८. सामाजिक सुरक्षा लाभग्राहीहरूको विवरण अद्यावधिक तथा बायोमेट्रिक प्रमाणीकरण कार्यलाई निरन्तरता दिइने।

९. घटना दर्ता प्रमाणपत्रको समयमै छपाइ तथा सहज उपलब्धता सुनिश्चित गरिने छ।

१०. विद्यालय, स्वास्थ्य संस्था, महिला समूह, आमा समूह तथा समुदायसँगको समन्वयमा जन्म दर्ता र मृत्यु दर्ता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

११. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवामा सूचना प्रविधिको प्रयोग विस्तार गरी सेवाप्रवाहलाई थप छिटो, सरल र प्रभावकारी बनाइनेछ।

१२. सेवाग्राहीमैत्री, पारदर्शी र जवाफदेही सामाजिक सुरक्षा तथा पञ्जीकरण प्रणालीको विकास गरिने छ।

## पूर्वाधार विकास

### यातायात पूर्वाधार

### भवन, आवास तथा सहरी विकास

### उर्जा

### संचार तथा सूचना प्रविधि

### सम्पदा पूर्वाधार

## सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

### विपद् व्यवस्थापन

### कानुन तथा न्याय

### तथ्याङ्क प्रणाली

### गरिबी निवारण

### बहुक्षेत्रीय पोषण

बहुक्षेत्रीय पोषण योजना (MSNP) लाई संस्थागत (Institutionalize) तथा सुदृढीकरण (Strengthening) गर्न निम्न विषयहरू नीति तथा कार्यक्रममा समावेश गर्न उपयुक्त हुन्छन्।

<u>नीति</u>

"बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपञ्छि, खानेपानी तथा सरसफाइ, महिला तथा सामाजिक विकास क्षेत्रबीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। पोषणसम्बन्धी

कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ।"

**पोषणसम्बन्धी नीति तथा कार्यक्रमका प्रस्तावित बुँदाहरू**

१. सुशासन तथा संस्थागत व्यवस्था

- बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र  स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिने छ।
- पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिने छ।
- पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिने छ।
- पोषणसम्बन्धी तथ्यांक व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिने छ।
- क्षेत्रगत बिषयहरुमा पोषण बिषय समावेश गरिने छ।

स्वास्थ्य तथा पोषण

- गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइने छ।
- सुनौलो १००० दिन लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

- पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना तथा विस्तार गरिने छ।
- बालभिटा वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पूरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

३. कृषि, पशुपन्छि तथा खाद्य सुरक्षा विकास क्षेत्र

- प्रत्येक घरधुरीमा करेसाबारी तथा पोषण बगैंचा प्रवर्द्धन गरिने छ।
- पोषणमैत्री स्थानीय शासनका कृषि तथा पशुपन्छि विकास क्षेत्रसँग सम्बन्धित सुचक प्राप्तिको लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ।
- स्थानीय पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन र उपभोगलाई प्रोत्साहन गरिने छ।
- साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिने छ।
- खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिने छ।

४. शिक्षा क्षेत्र

- विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइने छ।

- किशोरीहरूको पोषण तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५. खानेपानी तथा सरसफाइ

- सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी कार्यक्रमलाई पोषणसँग एकीकृत गरी सञ्चालन गरिने।
- खुला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त समुदायको दिगोपन सुनिश्चित गरिने।

६. महिला, बालबालिका तथा सामाजिक विकास

- १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यन्वयन तथा अनुगमन गरिनेछ  तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ।
- महिला सशक्तीकरण तथा पोषण सुधारका लागि सीप विकास र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने छ।
- लैङ्गिक हिंसा, बालविवाह, किशोरी गर्भधारण तथा लैङ्गिक विभेद न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने छ।

८. बजेट तथा स्रोत सुनिश्चितता

- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि प्रत्येक वर्ष पर्याप्त बजेट विनियोजन गरिने।
- पोषणसम्बन्धी कार्यक्रमहरूमा विषयगत शाखाहरूको सहकार्य र लागत साझेदारीको व्यवस्था गरिने।

- पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक स्रोत साधन परिचालन गरिने।

९. अनुगमन तथा मूल्याङ्कन

- पोषणसम्बन्धी सूचकहरूको नियमित अनुगमन, समीक्षा तथा सार्वजनिक प्रतिवेदन गरिने।
- वडा तथा पालिका स्तरमा पोषणको अवस्था सुधारका लागि वार्षिक समीक्षा तथा सिकाई आदानप्रदान कार्यक्रम सञ्चालन गरिने।

नागरिक आरोग्य सेवा

- विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरीनेछ।
- आधारभूत आयुर्वेद सेवा तथा सामान्य आयुर्वेद उपचार तथा परामर्श सेवा प्रदान गरीनेछ।
- स्वास्थ्य जीवनशैली र स्तनपायी आमाहरूका लागि मातृ–शिशु सुरक्षा तथा दुग्धवर्द्धक आयुर्वेद कार्यक्रमहरु सञ्चालन गरीनेछ।
- परम्परागत स्वास्थ्यकर्मी हरूलाई स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूका लागि रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि तथा पोषणसम्बन्धी आयुर्वेद औषधि वितरण कार्यक्रम सञ्चालन गरीने छ।
- स्वस्थ जीवन कार्यक्रम सञ्चालन गरीने छ। (नसर्ने रोग व्यवस्थापन)
- पूर्वकर्म तथा पञ्चकर्म सेवा विस्तार कार्यक्रम (हाडजोर्नी तथा स्नायु रोग व्यवस्थापन केन्द्रित) कार्यक्रम सञ्चालन गरीने छ।

रोजगार सेवा केन्द्र

<u>रोजगारसंग सम्बन्धित निति तथा कार्यक्रममा</u>

१."रोजगार सिर्जना हाम्रो अभियान; समृद्ध पालिकाको पहिचान" भन्ने मुल नाराकासाथ संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा सहकार्य गर्न स्थानीय तहको अपनत्व कायम गर्दै रोजगारमुलक विकासमा टेवा पुर्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप सश्क्त रुपमा कार्यान्वयन गर्न सहकार्य गरिनेछ ।

२."समाजवाद उन्मुख समृद्धिको आधार; मर्यादित, दिगो र उत्पादनशील रोजगार" भन्ने मुल नाराका साथ सानीभेरी गाउँपालिकाको उपलब्ध श्रोत साधनको लघुतम उपयोग गर्दै रोजगार रणनीतिले निर्दिष्ट गरे बमोजिमको उत्पादनशील रोजगारी सिर्जनामा जोड दिइने छ ।

३.सीपमुलक रोजगारीको विस्तार गर्न सानीभेरी गाउँपालिकाको नेतृत्व र सरोकारवालसंग सहकार्य गर्दै व्यवसायीक सीपसहितको दक्ष श्रम शक्तिको विकास गरिनेछ।

४."सुरक्षित र मर्यादित रोजगार; गाउँपालिकाको सरोकार" भन्ने मुल नाराका साथ वैदेशीक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन स्थानीय तहबाट समन्वय सहकार्य र परामर्श लागायतको सहजिकरण गरिनेछ।

५."सामाजिक सुरक्षा कोषमा आबद्धता विस्तार; सुरक्षित भविष्यको आधार" रोजगारीलाई दिगो सुरक्षासंग जोड्न औपचारिक,अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा संलग्न रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लगिने छ।

## विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनसंग सम्बन्धित निति तथा कार्यक्रममा

१."पुनर्निर्माणमा एकता; सुरक्षित र समृद्ध समुदाय हाम्रो प्राथमिकता" जाजरकोट भूकम्पले निम्त्याएको क्षतिलाई पुननिर्माणमा लैजान संघिय सरकार र सरोकारवाला संघसंस्थासंग समन्वय तथा सहकार्य गर्दै पुननिर्माण र पुनर्लाभको कार्य अगाडि बढाइने छ।

२.प्राकृतिक प्रकोपले निमत्याएको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

३.**"संगठित संरचना र क्षमता विकास; विपदमा द्रुत निकास"** विपदको समयमा संस्थागत सेवालाई व्यवस्थित बनाउन स्थानीय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति(LDMC), आपतकालिन कार्य संचालन केन्द्र(LEOC), वडा विपद व्यवस्थापन समिति(WDMC) र संव्यसेवक व्यूरोलाई थप शसक्त बनाउन क्षमता विकस तथा व्यवस्थित रुपमा परिचालन गरिनेछ।

४.**"सहकार्य, समन्वय र साझेदारी; विपद् व्यवस्थापन सबैको जिम्मेवारी"** विपद व्यवस्थापनसंग सम्बन्धित कृयाकलाप तथा आयोजनाहरु संचालन गर्न सरोकारवाला सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरु संग समन्वय तथा सहकार्य गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य अगाडि बढाइने छ । समुदायस्तरीय विभिन्न क्षेत्रगत समुह/समितिहरुसंग समन्वय र उनीहरुको क्षमता विकास गरी समुदायीक संलग्नता प्रोत्साहन गरिनेछ।

५.**"योजना अनुसार काम गरौं; विपद्को असर कम गरौं"** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सानीभेरी गउँपालिकाले बनाएको स्थानीय

विपद तथा जलवायू उत्थानशील योजना (LDCRP) र स्थानीय विपद तथा जलवायू उत्थानशील कार्यढाँचा (LDCRF) बमोजिम प्रकोपको प्राथमिकिकरणको आधारमा योजनाहरु कार्यान्वय तथा वातावरण संरक्षणको लागी सहकार्य तथा समन्वय अगाडी बढाइने छ।

६. फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साइड व्यवस्थापन लगायत फोहोरको वर्गीकरण, संकलन, ढुवानी, पुनःप्रयोग तथा पुनर्चक्रणलाई प्रवर्द्धन गर्दै स्वच्छ, सफा र वातावरणमैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ।

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको स्रोह्रौं योजना, कर्णाली प्रदेश दोस्रो पन्चवर्षीय योजना, सङ्घीय तथा प्रदेश सरकारको नीति तथा प्राथमिकता, पालिकाको पन्चवर्षिय योजना, पालिकाको विशिष्ट सम्भाव्यता र आवश्यकता, विभिन्न सरोकार निकाय तथा पालिकावासी आमाबुबा, दाजुभाई, दिदिबहिनीमार्फत लिखित, मौखिक, अनलाइन तथा विभिन्न माध्यमबाट प्राप्त र प्रस्तुत जनअपेक्षा र सुझावहरु, साथै विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा विज्ञबाट प्राप्त औपचारिक तथा अनौपचारिक परामर्श तथा विषयगत समितिका मार्गदर्शनहरुलाई समेट्दै आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि निम्न लिखित नीति तथा कार्यक्रमहरु अबलम्वन गरिनेछ। यी नीति तथा कार्यक्रमहरु समाबेशी, सशक्त, उत्तरदायी, सहभागितामुलक र दिगो विकासलाई मार्गदर्शक सिद्वान्तको रुपमा अंगिकार गर्दै कार्यान्वयन गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अन्त्यमा**

२.यस गरिमामय गाउँसभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट पालिकावासीका आधारभुत आवश्यकता परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, पुननिर्माण र पुनर्स्थापनाको काम सम्पन्न हुने, वातावरण संरक्षण र सम्वर्द्धन भई जलवायु संकटप्रतिको अनुकुलता विस्तार हुने, स्थानीय आर्थिक विकास भई विकासको मुल प्रवाहमा सबै वर्ग, क्षेत्र, लिङ्ग, समूह, समुदाय तथा क्षेत्रको समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्तको सुदृढ विकास हुने विश्वास लिएको छु।

३.उल्लेखित नीति तथा कार्यक्रम पालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। यसका लागि सङ्घ तथा प्रदेश सरकार, राजनीतिक दल, विभिन्न संघ संस्था, व्यवसायी, पेशाकर्मी बुद्दिजिवी संचारकर्मी लगायत सबै पालिकावासी आम जनसमुदायको सक्रिय साथ र सहयोग रहने विश्वास लिएको छु।

४.हाम्रो सामु रहेका विविध चुनौतिको बाबजुत पनि सानीभेरी गाउँपालिकाको विकास र समृद्दिको लक्ष्य हाँसिल गर्न प्राप्त संबैधानिक अधिकारको सीमाभित्र रही प्राप्त जिम्वेवारीलाई सानीभेरिवासीको हित र समुन्नतिको लागि उपयोग गर्ने प्रतिवद्दता व्यक्त गर्दै पालिकाको समग्र विकासमा योगदान गर्ने र यो नीति तथा कार्यक्रम तर्जुमामा योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, संचार जगत, विभिन्न

संघ संस्था तथा आम सम्पूर्ण सानीभेरीवासी आमाबुबा दाजुभाई दिदिबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

इति सम्वत् २०८३ असार ०९ गते रोज ३ शुभम् ।